(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहन्छ ।)

# सामाजिक न्यायको तराजुमा सामुदायिक वनलाई तौलँदा

■ दिलराज खनाल

**हाम्रो परम्परागत प्रथा**

न्यायका अवधारणाहरू जसरी विश्वव्यापी हुन्छन्, त्यसरी नै समाज सापेक्ष पनि हुन्छन् । कुन समुदायमा के कुरालाई न्याय भन्ने ? जस्तैः युरोपीय मुलुकका समुदायहरूले वन जंगललाई वातावरण संरक्षण र मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्न पाउँदा न्यायपूर्ण भएको मान्लान् भने नेपाल जस्ता मुलुकका समुदायहरूले वन जंगललाई आधारभूत आवश्यकताको परिपूर्ति र आर्थिक विकास गर्ने साधनको रूपमा प्रयोग गर्न पाउँदा न्यायपूर्ण भएको मान्लान् । त्यसैले न्याय सम्बन्धी अवधारणाहरूमा पनि व्यक्ति, समाज र राज्यहरूका बीचमा मतभिन्नता रहेको पाइन्छ । न्यायलाई प्राकृतिक न्याय, सामाजिक न्याय, लैङ्गिक न्याय, वितरणात्मक न्याय, वातावरणीय न्याय जस्ता विविध रूपहरूमा अभिव्यक्त र अभ्यास गरिएको पाइन्छ । न्यायको अवधारणामा आएको परिवर्तनले अन्य कुराहरूको अतिरिक्त विकास प्रक्रियाहरूमा पनि न्यायको पूर्ण प्रत्याभूती हुनुपर्छ भन्ने मान्यता राख्दछ । यसैक्रममा नेपालमा दिगो विकासको नमूना मानिएको सामुदायिक वन (सा.व.) मा न्यायको अवस्थाका बारेमा विभिन्न चर्चा परिचर्चाहरू शुरूभएका छन् । सहभागितामूलक प्रजातन्त्रको वकालत गर्ने “मूल्याङ्कन” र सहभागितामूलक विकास प्रक्रियाको वकालत गर्ने “सहभागिता” जस्ता पत्रिकाहरू र अन्य थुप्रै दैनिक पत्रपत्रिकाहरूले समेत सा.व.मा सामाजिक न्यायको पाटो सोचनीय छ भनी प्रश्नचिन्ह उठाउन थालेपछि हामी सामुदायिक सम्पत्ति सम्बन्धी कानूनका विद्यार्थीहरूको पनि यसतर्फ ध्यान आकर्षण भएको छ ।

आजभोलि विश्व समुदायले नेपाललाई सा.व.को देश भनेर पनि चिन्ने गरेको छ । तर सा.व.को देश भनेर चिनिने नेपालमा नै सामाजिक न्यायको दिशामा के कति योगदान दिएको छ भन्ने प्रश्नहरूपनि उठेका छन् । यो लेखमा यसै विषयमा केन्द्रित रहेर छोटो टिप्पणी गर्ने जमर्को गरिएको छ ।

> आदिवासी/जनजाति तथा दलितहरूले स्थानीय स्रोत व्यवस्थापनमा पर्याप्त स्थान र अवसर पाउन सकिरहेका छैनन् । यसमा एकातर्फ उपभोक्ता समूह गठन गर्ने सिलसिलामा हुने गरेका प्रक्रियागत कमजोरीहरू र अर्कोतर्फ समाजको सामन्तिमूलक बर्गीय संरचनामा आधारित भेदभावपूर्ण व्यवहारहरू पनि जिम्मेवार रहेका छन् ।
>
> सरकारी लक्ष पूरा गर्ने नाममा टीका लगाएर जिम्मा दिइएका सा.व.हरूले समूहको भलाइ गर्नुको सट्टा धेरैजसो वनमा स्थानीय टाठाबाठाहरूलाई आदिवासी/जनजाति, गरीब तथा दलितहरूलाई शासन गर्ने थप हतियार (शक्ति) प्रदान गरेका छन् ।

**नीतिको नियति**

सा.व. राज्य निर्मित कानूनको उपज होइन । यो त स्थानीय समुदायले सदियौंदेखि आफूलाई आवश्यक पर्ने वन पैदावारहरूको आपूर्ति र सामाजिक-आर्थिक एवं सांस्कृतिक विकासको लागि अभ्यास र विकसित गर्दै आएको परम्परागत रैथाने प्रथा हो ।

यसै मान्यताका आधारमा नेपालमा २०४५/४६ साल देखि लागु भएको २१ वर्षे वन विकास गुरूयोजनाले पनि "वन पैदावारमा निर्भर रहने उपभोक्ता समूहको तहसम्म निर्णय गर्ने अधिकार पुग्यो भने उनीहरूबाट भएका निर्णयहरू कार्यमूलक हुने सम्भावना बढी हुन्छ ; त्यसैले गाउँलेको नजिकका वन जंगलको व्यवस्थापन उनीहरूबाटै गरिनेछ ; निःशुल्क दाउरा र स्याउला बटुल्ने परम्परागत हकलाई जनताकै निर्णय र व्यवस्थापन योजनाहरूवाट व्यवस्थित गरिनेछ " भन्ने कुरालाई जोड दिएको छ । त्यसै गरी श्री ५ को सरकारको विकेन्द्रीकरण सम्बन्धी नीति अनुसार स्थानीय स्रोत व्यवस्थापनको निर्णय र लाभांश वितरण गर्ने प्रक्रियाद्वारा महिला र भूमिहीन दाउरे जस्ता खास वन उपभोक्ताहरूको हितलाई जगेर्ना गरिनेछ" भन्ने कुरा उल्लेख गरिएको छ । यति हुँदाहुँदै पनि किन सा.व.माथिको अधिकारबाट गरीब, आदिवासी, जनजाति र महिलाहरू बञ्चित हुन पुगे ? भन्ने महत्वपूर्ण सवाल खडा भएको छ ।

यसका साथै नेपालको सा.व.सम्बन्धी कानून अनुसार पनि "सामुदायिक वन भनेको सामूहिक हितका लागि हो र उपभोक्ता समूह गठन गर्दा यसका वास्तविक वन उपभोक्ताहरू समूहको सदस्य हुनबाट छुट्नु हुँदैन भन्ने स्पष्ट व्यवस्था गरेको छ ।" यस्ता नीतिगत र कानुनी ब्यवस्थाहरूका बावजुद् व्यवहारमा निम्न दृष्टान्तहरू पनि देखा परे :

"मूल्याङ्कन" पत्रिकाको पूर्णाङ्क १०४ मा प्रकाशित नेपाल चेपाङ्ग संघको कार्यपत्रमा आधारित लेखले चितवनमा चेपाङ्गहरूले सदियौंदेखि उपभोग गर्दै आएको वनलाई सा.व.मा परिणत गरेर अप्ठ्यारो पारेको कुरा उठाइएको छ । त्यस्तै नेपानको "सहभागिता" को पूर्णाङ्क १२ मा सा.व.ले कर्णाली अञ्चलका हुम्लाबासीहरूको परम्परागत भेडा, च्यांग्रा पालन पेशालाई अप्ठ्यारोमा पारेको कुरा उजागर गरिएको छ । यसैगरी २०५८ फागुन १४ को "नेपाल समाचारपत्र" दैनिकमा पाल्पामा सा.व.बाट कोईला संकलन गर्न नपाएपछि परम्परागत भाँडा व्यवसाय संकटमा परेको, २०५९ असोज १५ गतेको "स्पेसटाइम" दैनिकका अनुसार मेची अञ्चलमा सा.व.का कारण भेडीगोठ बन्द भएपछि राडीपाखी उद्योग विस्थापित हुन पुगेको र २०५९ पौष २० गतेको "राजधानी" दैनिकका अनुसार रूपन्देहीको शंकरनगर सा.व.बाट गरीब महिलाहरू बञ्चित भएको कुरा प्रकाशमा आयो ।

यसैगरी २०५९ फागुन ३० गतेको "नेपाल समाचारपत्र" मा कर्ण शाहद्वारा लिखित "सा.व.मा मुक्त कमैयाको पहुँच बढेन" भन्ने लेखमा "मुक्त कमैयाहरूलाई पुनर्स्थापित गराउने क्रममा वन क्षेत्रकै छेउमा बसोबास गराइए पनि घरछेउमै रहेको सा.व.सम्म मुक्त कमैयाहरूको पहुँच पुग्न सकेको छैन" भन्ने कुरो उठाइएको छ । उता सोही दिन नै मोहन बुढाऐरको कान्तिपुरमा मुक्त कमैयाको समस्याबारे प्रकाशित लेखमा मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गा सा.व. भित्र समावेश गरिएको कारणले यथार्थमा "मुक्त कमैयाको हातमा लालपुर्जा छ तर जग्गा छैन" भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै विगत केही समयदेखि पूर्वी तराईको सिरहा जिल्लामा रहेका दलित समुदाय तथा झापा, मोरङ र सुनसरी जिल्लाका दनुवार समुदायले सा.व.का कारण आफूहरूले भोगचलन गर्दै आएको जमिनमाथिको परम्परागत अधिकार गुमाउनु पर्ने अवस्था सृजना भएको र अर्कोतर्फ नजिकैका सा.व.हरूमा उनीहरूको कुनै पहुँच पुग्न नसकेको कुरा लगातार उठाइरहेका छन् । यस बाहेक सा.व.को बारेमा गरिएका अधिकांश अन्य अध्ययनहरूले पनि वन व्यवस्थापनका लागि सा.व. जति सफल छ, त्यति नै यसभित्र सामाजिक न्याय र समन्यायका हिसाबले सुधार गर्नुपर्ने पाटाहरू प्रसस्तै छन् भन्ने कुरा देखाएका छन् ।

## महसुस गर्नुपर्ने मुद्दा

निश्चित रूपमा हुम्लाबासीहरूको परम्परागत पेशा भनेको भेडा, च्यांग्रा पालन नै हो । यसका लागि उनीहरूले मौसम अनुसार आफ्ना भेडा च्यांग्राहरूलाई बाजुरा, कालिकोट, अछाम, बझाङ्ग, दैलेख, सुर्खेत हुदै तराईसम्म चरिचरण गर्न ल्याउनु पर्छ । तिनै भेडा च्यांग्राहरूलाई बोकाएर नून र खाद्यान्नको ब्यापार गर्नुपर्छ र टाढा टाढासम्म गई जडिबुटी संकलन गरी बिक्री वितरण गरेर जीवन निर्वाह गर्नुपर्छ । तर अहिले उल्लेखित जिल्लाहरूमा परम्परागत रूपमा भेडा च्यांग्रा आवतजावत गर्ने बाटोमा सा.व. बनेकाले भेडा च्यांग्राका लागि चरिचरण र आवतजावत गर्ने गराउने काममा बाधा उत्पन्न भएको छ । त्यस्तै कतिपय पूर्वी पहाडका जिल्लाहरूमा भेडीगोठ र चौरीखर्कहरू नै सा.व. भित्र पारिएपछि चरिचरणको अभावका कारण परम्परागत पेशाको रूपमा रहेको राडीपाखी उद्योग नै विस्थापित हुने अवस्था सृजना भएको छ । चितवनको शक्तिखोरमा पनि सा.व.ले चेपाङ्गहरूको वनमाथिको परम्परागत अधिकारमा अवरोध ल्याएको छ । उता कमैया, दलित र आदिबासीहरू पनि सा.व.को प्रक्रियाबाट प्रभावित भएका छैनन् भनेर ठोकुवा गर्न सकिँदैन ।

माथि जे जति कुरा उल्लेख गरिए पनि सा.व.बाट सामाजिक न्याय प्राप्त हुनै सक्दैन भनेर ठोकुवा गर्न मिल्छ नै भन्न पनि सकिँदैन । उदाहरणको लागि सा.व.को माध्यमबाट वन, वातावरण र जैविक विविधताको संरक्षण, आय आर्जन र गरीबी न्यूनीकरण, स्थानीय विकास र सामाजिक सशक्तिकरण र केही हदसम्म सहभागितामूलक प्रजातान्त्रिक अभ्यासको विकास भएको छ । यी सबै प्रक्रियाहरूमा कुनै न कुनै रूपमा आदिवासी/जनजाति, गरीब तथा दलितहरूको संलग्नतालाई थोरै मात्रामा भएपनि बढावा दिएको पाइन्छ । यति हुँदाहुँदै पनि आदिवासी/जनजाती तथा दलितहरूले स्थानीय स्रोत व्यवस्थापनमा पर्याप्त स्थान र अवसर पाउन सकिरहेका छैनन् । यसमा एकातर्फ उपभोक्ता समूह गठन गर्ने सिलसिलामा हुने गरेका प्रक्रियागत कमजोरीहरू र अर्कोतर्फ समाजको सामन्तिमूलक बर्गीय संरचनामा आधारित भेदभावपूर्ण व्यवहारहरू पनि जिम्मेवार रहेका छन् ।

सा.व.का आफ्नै प्रक्रियाहरू छन् । तर ती प्रक्रियाहरूलाई ध्यान नदिईकन कानूनी र प्राविधिक रूपमा औपचारिकता निर्वाह गर्ने शैलीमा काम चलाउ प्रकृतिका उपभोक्ता समूहका विधान र सा.व.को कार्ययोजना निर्माण गर्ने काम पनि भएको छ । सरकारी लक्ष पूरा गर्ने नाममा टीका लगाएर जिम्मा दिइएका सा.व.हरूले समूहको भलाई गर्नुको सट्टा धेरैजसो वनमा स्थानीय टाठाबाठाहरूलाई आदिवासी/जनजाति, गरीब तथा दलितहरूलाई शासन गर्ने थप हतियार (शक्ति) प्रदान गरेका छन् । यो प्रक्रियाले सा.व.भित्र सामाजिक, आर्थिक भेदभाव र अनियमिततालाई प्रश्रय दिएको छ । तुलनात्मक रूपमा खासगरी २०५०/०५१ देखि २०५५/०५६ को बीचमा वन कार्यालयहरूले सरकारी कोटा पूरा गर्ने नाममा हत्तपत्त हस्तान्तरण गरिएका नाममात्रका सा.व.मा यो अवस्था देखिन्छ । वन विकास गुरूयोजना र वन सम्बन्धी कानूनले परिकल्पना गरेको एउटा वास्तविक सा.व. बनाउनको लागि त्यसभित्र सुशासन र सहभागितामूलक प्रजातन्त्रको अभ्यास गर्दै सामाजिक रूपमा थुप्रै प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ, जसले सा.व.सँग सम्बन्धित सबै उपभोक्ताहरूलाई वनमाथिको आफ्नो अधिकार र दायित्वका बारेमा सुसूचित, सशक्त र संगठित गर्न सहयोग पुऱ्याउँछ ।

**कस्का लागि कस्ले के गर्ने ?**

सा.व.को सफलता सँगसँगै सा.व.को प्रक्रियामा सहयोग गर्ने परियोजना र गैह्रसरकारी संघ संस्थाको संख्या दिन प्रतिदिन बढ्दो छ, तर सामुदायिक वन उपभोक्ता समूहभित्रको संस्थागत विकास, सुशासन र सहभागितामूलक प्रजातन्त्रको अवस्था खस्कँदो छ । सा.व.को सन्दर्भमा सरकारी निकायहरूले वन हस्तान्तरण गरेर आफ्नो दायित्वबाट उम्कने प्रयास मात्र गरेर पुग्दैन । त्यस्तै सा.व.को नाममा काम गरिरहेका अधिकांश गैरसरकारी संस्था र परियोजनाहरूले पनि सा.व.को सामाजिक प्रक्रियामा पर्याप्त ध्यान नदिएको पाइन्छ । केही औंलामा गन्न सकिने गैर सरकारी संस्थाहरू, नागरिक समाज वन उपभोक्ता महासंघ र उपभोक्ता समूहको हित रक्षार्थ स्थापित संगठनहरूको प्रयासबाट मध्य पहाडी क्षेत्रका केही स्थानहरूमा सामाजिक रूपान्तरणका प्रक्रियाहरू सामाजिक न्यायको लागि केही हदसम्म उपलब्धीमूलक देखिएका छन् । यति हुदाँहुँदै पनि यी सवालहरू प्रमुख चुनौतिको रूपमा विद्यमान छन् ।

प्राकृतिक न्यायको सिद्धान्त अनुसार पनि स्रोतमाथि स्थानीय समुदायको परम्परागत अधिकार रहेको हुन्छ । नेपालको वन नीति र कानूनमा पनि सा.व.को माध्यमबाट वनमाथिको स्थानीय बासिन्दाको परम्परागत अधिकारलाई केही हदसम्म मान्यता प्रदान गरिएको छ । तर त्यसलाई व्यवहारमा उतार्नका लागि सा.व.का संगठनहरूले जे जति सामाजिक तथा कार्यविधिगत प्रक्रियाहरू अपनाउनुपर्ने हुन्छ, त्यसलाई क्रमशः बेवास्ता गर्दै वा कम महत्व दिंदै गएको पाइन्छ । जसले गर्दा चेपाङ्ग लगायतका अन्य आदिवासीहरू, दलितहरू, भेडा च्यांग्रा पशुपालकहरू, परम्परागत भाँडा बनाउनेहरू र गरीब महिलाहरू सा.व. र यसको फाइदाबाट बाहिरिन पुगे । यस्ता परम्परागत समुदायहरू र महिलाहरूलाई वन स्रोतको उपयोग गर्नबाट बञ्चित गर्ने सा.व.को न त नीति र कानून नै छ न त आशय नै । तर जहाँ यस्तो अवस्था सृजना भएको छ, त्यसबाट पाठ सिक्दै र कमी कमजोरीहरूलाई सच्चाउँदै सम्बन्धित समुदायलाई नै अगुवा बनाई उनीहरूको परम्परागत अधिकार र कानूनी कर्तव्यलाई स्थापित गर्ने किसिमले प्रक्रियागत रूपमा मात्र सा.व.उपभोक्ता समूह बनाउने अभियानलाई अगाडि बढाउनु आवश्यक छ । त्यस पछि मात्र सा.व. उपभोक्ता समूहमा सामाजिक न्यायको पक्ष दह्रो बन्न सक्ने आशा गर्न सकिन्छ ।

(लेखक सामुदायिक वन उपभोक्ता महासंघमा कार्यरत हुनुहुन्छ ।)

*उपभोक्ता समूह अविछिन्न उत्तराधिकारवाला एक स्वसासित र संगठित संस्था हो । त्यसैले समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्छ । (वन ऐन २०४८)*